महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं ।
नेपाल

२०१६

सूचनाको हक कार्यान्वयनमा सम्बन्धी प्रतिवेदन
(२०८० बैशाख ०१ देखि आषाढ मसान्त सम्म)

१. **परिचयः** नेपालको संविधान २०७२ को धारा २४१ अनुसार संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीपरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यस्तै पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसंग परामर्श गरिने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण व्यवस्थापन गर्ने गरेको छ ।

२. **लेखापरीक्षणको दुरदृष्टि, गन्तव्य र मूल्य मान्यताः** लेखापरीक्षण संस्थाको दुरदृष्टि "जवाफदेहीता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था" गन्तव्य "राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने" र मूल्यमान्यतामा "निष्ठा, स्वतन्त्रता, व्यवसायिकता, पारदर्शिता र जवाफदेहिता" रहेको छ ।

३. **लेखापरीक्षणका आधारः** लेखापरीक्षणका आधारमा नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, कार्यविधी आदि रहेका छन् । यसका अतिरिक्त प्रचलित ऐन, नियमको आधारमा लेखापरीक्षण गर्ने व्यवस्था छ ।

४. **लेखापरीक्षण प्रकारः** महालेखापरीक्षकको कार्यालयले मुख्यतः वित्तिय, कार्यमूलक र परिपालनाको लेखापरीक्षण गर्ने गर्दछ । यसका अतिरिक्त सूचना प्रविधिको लेखापरीक्षण लगायतका विशेष तथा कार्यमूलक लेखापरीक्षण गर्दै आएको छ ।

५. **लेखापरीक्षण प्रक्रियाः** लेखापरीक्षण व्यवस्थापन गर्दा मुख्यतः लेखापरीक्षण योजना तर्जुमा, योजना कार्यान्वयन, प्रतिवेदन र सम्परीक्षण गर्ने कार्य गर्ने गरिन्छ । लेखापरीक्षण योजना तर्जुमा गर्दा मुख्यतः जोखिममा आधारित लेखापरीक्षण योजना तर्जुमा गरिने र लेखापरीक्षणका जोखिमहरुको मूल्यांकनका आधारमा प्राथमिकरण गरी लेखापरीक्षण विधि छनौट गर्ने गरिन्छ । जोखिम बर्गिकरण अनुसार विस्तृत र न्यून जोखिमयुक्त कार्यालयमा विभक्त गरी लेखापरीक्षण कार्य सम्पन्न गर्ने गरिएको छ ।

६. **सूचनाको हक कार्यान्वयन सम्बन्धी व्यवस्थाः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को कार्यान्वयन सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गर्ने व्यवस्था गरी सार्वजनिक निकायको काम कारवाहीमा पारदर्शिता कायम गर्न सहयोग पुग्ने गरी सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ जारी भएको छ ।

७. **सूचना अधिकारीः** कार्यालयबाट सम्पादित कामको नियमित सूचना प्रवाह गर्नका लागि सूचना अधिकारीको रुपमा निर्देशक श्री रमेश सुवेदी (फोन नं. ०१-४७७०६८७, मोवाइल नं. ९८५१२६८६४६ इमेलः dir.admin@oagnep.gov.com) लाई नियुक्त गरिएको छ ।

८. **सूचना प्रवाहको माध्यमः** यस कार्यालयबाट सम्पादित कामहरुको सूचना प्रवाह गर्नका लागि वेवसाइट (www.oagnep.gov.np) मा सूचना जानकारी अपलोड गर्ने, नियमित बुलेटिन प्रकाशन गर्ने र सूचनाको हक सम्बन्धी अधिकार अन्तर्गत सूचना माग गरेमा सो सूचना वा जानकारी उपलब्ध गराउने गरिएको छ ।

९. **तेस्रो त्रैमासिकमा सूचना माग गरेको विवरणः** सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गरी २०७९ बैसाख ०१ देखि आषाढ मसान्त सम्म माग गरेको सूचना र सो सम्बन्धमा सम्बन्धमा उपलब्ध गराएको सूचना तथा जवाफको विवरण देहाय बमोजिम छः

महालेखा परीक्षकको कार्यालय
नेपाल

सि.नं.	सूचना माग गर्ने, मिति	माग गरेको विषय	सूचना वा जानकारी उपलब्ध गराएको विवरण र मिति
१.	श्री स्वतन्त्र विद्यार्थी युनियन, आयूर्वेद क्याम्पस, किर्तिपुर। मिति २०८०।१।१२	आयूर्वेद क्याम्पस, किर्तिपुरको बिगत ४ बर्षको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन।	मिति २०८०।१।१२ मा माग भएको प्रतिवेदन यस कार्यालयले विभिन्न मिति र चलानी नं. बाट उक्त क्याम्पस पठाईसकिएको जानकारी दिई सम्बन्धीत क्याम्पसबाट नै प्रतिवेदन माग गर्न तथा उपलब्ध नभएमा पुनः यस कार्यालयमा सम्पर्क गर्न भनी पत्र दिईएको ।
२.	श्री महालक्ष्मी लोकप्रिय जे.भी, कंलकी। मिति २०७९।२।१८	महालेखापरीक्षकको ६० औं प्रतिवेदनको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको बुँदा नं. ५५.१ को सम्बन्धमा मदन भण्डारी राजमार्गअन्तर्गत उदयपुरको त्रियुगा नदी पुलको निरीक्षण/ परीक्षणको प्राविधिक प्रतिवेदनको छाँयाप्रति माग।	मिति २०७९।१२।२४ मा माग भएको प्रतिवेदन सडक विभागमा पठाई सकिएको हुँदा आवश्यक सूचना तथा प्रतिवेदन सोही विभागबाट नियमानुसार प्राप्त गर्नुहुन मिति २०८०।२।१८ को निर्णयानुसार अनुरोध गरिएको छ। ।
३.	श्री तुलसी राम पोखरेल, tulsir673@gmail.com । मिति २०८०।२।२४	महालेखापरीक्षकको कार्यालयको काम, कर्तव्य र अधिकार साथै बेरुजुको फछ्यौंटका सम्बन्धमा सूचना माग।	मितिः २०८०।२।२९ यस कार्यालयको काम, कर्तव्य र अधिकार साथै बेरुजुको फछ्यौंटका सम्बन्धमा सूचना दिईएको।
४.	श्री केशु लामिछाने, संवाददाता, उकालो डटकम, काठमाडौं। मिति २०८०।२।१७	प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व. २०७५।०७६, २०७६।०७७, २०७७।७८ र २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन माग।	मिति २०८०।२।२१ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको को लेखापरीक्षण प्रतिवेदन माग गर्नुभएकोमा प्रधानमन्त्री रोजगार कार्यक्रमको छुट्टै वार्षिक प्रतिवेदन तयार नहुने र उक्त कार्यक्रमको मन्त्रालयमा हुने कारोवार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा समावेश हुने भनी यस कार्यालयले विभिन्न मिति र चलानी नं. बाट उक्त क्याम्पस पठाईसकिएको जानकारी दिई

महालेखा परीक्षकको कार्यालय
नेपाल

			सम्बन्धीत क्याम्पसबाट नै प्रतिवेदन माग गर्न र सशर्त अनुदान तर्फको ७५३ वटै स्थानीय तहबाटै खर्च भई तत् निकायकै लेखापरीक्षण प्रतिवेदनमा समावेश हुने व्यहोरा अनुरोध सहितको पत्र दिईएको छ।
५.	श्री सागर बुढाथोकी, हिमाल मिडिया प्रा.लि., पाटनढोका, ललितपुर, bcsagar2053@gmail.com मिति २०८०।०३।०६	बिगत ४ वर्षको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधी व्यवस्था विभाग, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन माग।	मिति २०८०।३।०६ मा माग भएको प्रतिवेदन यस कार्यालयले विभिन्न मिति र चलानी नं. बाट सम्बन्धीत मन्त्रालय पठाईसकिएको जानकारी दिई सम्बन्धीत मन्त्रालयबाट नै प्रतिवेदन माग गर्न तथा उपलब्ध नभएमा पुनः यस कार्यालयमा सम्पर्क गर्न भनी पत्र दिईएको ।
६.	श्री मणि दाहाल, कान्तिपुर मिडिया ग्रुप। मिति २०८०।३।२६	सार्वजनिक संस्थानको लेखापरीक्षणका लागि नियुक्त गरेको लेखापरीक्षकहरु विवरण माग।	मिति २०८०।३।२६ मा लेखापरीक्षकहरुको विवरण उपलब्ध गराईएको।

१०. **निष्कर्षः** जिम्मेवारी एवं जवाफदेहिताको प्रर्वद्धन गर्न पारदर्शिताको आवश्यक पर्ने र पारदर्शिताको मापन सूचना प्रवाहबाट गर्न सकिने भएकोले सूचना प्रवाहको भूमिका महत्वपूर्ण रहेको छ । सूचना प्रवाहले पारदर्शिता प्रर्वद्धन गर्दै जिम्मेवारी र जवाफदेहिता बहनमा सघाउ पुग्न गई कार्यालयको कार्यसञ्चालन स्तर वृद्धि हुने तर्फ कार्यालयले विशेष ध्यान दिदै आएको छ ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

(रमेश सुवेदी)
निर्देशक/सूचना अधिकारी